सुशासन, समृद्धि र सामाजिक न्याय

# उज्यालो नेपाल पार्टी






## उज्यालो
## हाम्रो लागि,
## राष्ट्रका लागि

**१ भोट उज्यालोलाई**

**चुनाव चिन्ह**



## गम्भिर सिंह भुल

Gambhir Singh Bhul

**प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार सुर्खेत क्षेत्र नं. २**

(मो.नं. : ९८५८०७३१७७)

अत्यधिक बहुमतले विजयी गराऔं ।

# उज्यालो पार्टी नेपाल

सुर्खेत क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेद्वार **गम्भिर सिंह भुल** लाई चुनाव चिन्ह **बलेको चिम** मा मतदान गरी अत्यधिक बहुमतले विजयी गराऔँ ।



## गम्भिर सिंह भुल

प्रतिनिधि सभा सदस्य पदका उम्मेद्वार
सुर्खेत क्षेत्र नं. २
मो.नं. : ९८५८०७३१७७

# प्रतिवद्धता-पत्र

## "समृद्ध सुर्खेत-२ : सुशासन, रोजगारी र प्रविधिसँगै"

**नमस्कार ! म, गम्भिरसिंह भुल,**

उज्यालो नेपाल पार्टीबाट प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवारका रूपमा, सुर्खेत क्षेत्र नं. २ का सम्पूर्ण नागरिकप्रति यो घोषणापत्र प्रस्तुत गर्दछु।

**१. पूर्वाधार : विकासको मेरुदण्ड, सुरुङमार्ग निर्माणका लागि गुरुयोजना**

बाबियाचौर जंगलघाट सुरुङमार्ग र चिसापानी बबई छिन्चु सुरुङमार्ग निर्माण गरिनेछ। वीरेन्द्रनगर नगरपालिका र जामु कुदनेमा खानेपानी व्यवस्थापनमा प्राथमिकता दिइनेछ। सुर्खेत–२ का ग्रामीण तथा शहरी बस्तीलाई जोड्ने सडक, सिँचाइ र खानेपानीलाई पहिलो प्राथमिकतामा राखिनेछ। अधुरा योजना पूरा गर्ने र नयाँ योजना स्थानीय आवश्यकताका आधारमा अघि बढाइनेछ।

**२. शिक्षा र स्वास्थ्य : राज्यको जिम्मेवारी**

सरकारी विद्यालयलाई डिजिटल सिकाइ केन्द्र बनाइनेछ। शिक्षक तालिम, छात्रवृत्ति र प्राविधिक शिक्षा विस्तार गरिनेछ। स्वास्थ्य क्षेत्रमा आधारभूत अस्पताल, स्वास्थ्य चौकी सुदृढीकरण र दुर्गम क्षेत्रमा नियमित स्वास्थ्य सेवा पुऱ्याइनेछ।

**३. रोजगारी : युवालाई गाउँमै भविष्य**

कृषि आधुनिकीकरण, जडीबुटी प्रशोधन, पशुपालन, पर्यटन र साना उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ। युवालाई ऋण, सीप र बजारको पहुँच दिइनेछ।

**४. सुशासन: नेता होइन, सेवा**

सांसद कार्यालयलाई सेवा केन्द्रका रूपमा विकास गरिनेछ। योजनाको छनोटदेखि कार्यान्वयनसम्म नागरिक सहभागिता, पारदर्शिता र सार्वजनिक लेखाजोखा गरिनेछ।

**५. प्रविधि: भविष्यको सुर्खेत–२**

डिजिटल सेवा, अनलाइन गुनासो प्रणाली, ई–शासन र प्रविधिमैत्री कृषि प्रणाली लागू गरिनेछ। युवालाई आईटी, डिजिटल सीप र नवप्रवर्तनमा जोड दिइनेछ।

**६. समावेशी विकास: कोही पनि पछि नपरोस्**

दलित, महिला, आदिवासी, थारु, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र विपन्न वर्गका लागि लक्षित कार्यक्रम सुनिश्चित गरिनेछ। विकास सबैका लागि समान हुनेछ।

**प्रतिबद्धता** : मैले जितेपछि होइन, जित्नुअघि नै जवाफदेही हुने राजनीति गर्नेछु। सुर्खेत–२ लाई नारा होइन, नतिजा दिने क्षेत्र बनाउने प्रतिबद्धता गर्दछु।

जय उज्यालो, जय कर्णाली।

मुद्रण : मुना डिजाइन सेन्टर, सुर्खेत